# श्री काठमाडौ जिल्ला अदालत

## बबरमहल काठमाण्डौ

जिन्सि शाखा

फोननं४२६४१२८

मिति:२०७५/१२/१७

**सुचना प्रकाशन मिती २०७५/१२/१८**

उपरोक्त सम्बन्धमा यस अदालतको जिन्सि शाखामा बिभिन्न मुद्दाहरुमा दशिको रूपमा आम्दानि बाँधिएको सवारी साधनहरू(मोटरसाईकल/स्कुटर) थान-३० शिलबन्दि बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्ने गरि मिती २०७५/११/२२ मा भएको मुल्यांकन समितिको निर्णय बमोजिम उक्त सवारिसाधनहरू जे जस्तो अवस्थामा रहेका छन् सोहि अवस्थामा नै लिलाम बिक्रि गर्ने गरी पहिलो पटक सुचना प्रकाशित गरिएकोमा निर्धारित समयभित्र कोहि कसैको शिलबन्दि वोलपत्र दर्ताहुन आएको नदेखिंदा उक्त सवारिसाधनहरू जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(१०) बमोजिम पुनः शिलबन्दि बोलपत्रद्धारा लिलाम बिक्रि गर्ने प्रयोजनार्थ जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(१०) बमोजिम तथा आर्थिक ऐन नियम समेत बमोजिम **दोश्रो पटक** शिलबन्दि वोलपत्रद्धारा एकमुष्ट लिलाम बिक्रि गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही गोप्य शिलबन्दि बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम रू.२,०००/-(फिर्ता नहुने गरी) तिरी मिती **२०७५/१२/२५** गतेसम्म कार्यालय समय भित्र यस अदालतको जिन्सि शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्न दिने निवेदनसाथ व्यक्ति भए निपाली नागरिकताको प्रमाणपत्र,कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र गत आ.व.सम्मको करचुक्ताको प्रमाणपत्र लागाएतका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. वोलपत्रसाथ आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबैंकमा कोष तथा लेखा नियन्त्रकको कार्यालय,ववरमहल काठमाण्डौका नाममा जम्मा हुने गरी धरौटि खाता नं.१२०१२००००१००२५२४ को कोड नं.२७२०४०३ मा जम्मा गरेको सक्कलै भौचर वा बैंक जमानत पेश गर्नु पर्नेछ ।

३. वोलपत्रमा आफुले कवुल गरेको रकम मुल्य अभिबृद्धिकर बाहेकको अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा लेखिएको फरक परेमा बढि लेखिएकोलाई मान्यता दिईनेछ ।

४. कुनै पनि शर्त राखि पेश भएको वोलपत्र मान्य हुने छैन ।

५. वोलपत्रदाताले मिती **२०७५/१२/२६** गते दिनको **१२.००** बजे सम्म शिलवन्दि वोलपत्र यस अदालतको जिन्सि शाखामा दर्ता गराईसक्नु पर्नेछ ।सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोहि समयमा दर्ता गरिसक्नु पर्नेछ ।

६. दर्ताहुन आएको शिलबन्दि वोलपत्रहरू दर्ता भएकै दिनको **२.००** बजे वोलपत्रदाताहरू र आमन्त्रित अन्य कार्यालयका प्रतिनिधिको रोहवरमा यस अदालतमा खोलिनेछ ।निर्धारित समयमा वोलपत्रदाताहरू अनुपस्थित भएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार यस अदालतमा निहित रहनेछ ।

७. वोलपत्र स्विकृत भई सुचना पाएको मितीले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर र वाकि रकम समेत बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र वाँकि रुपैंया नबुझाएमा वोलपत्रसाथ पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

८. लिलाममा चढेको सम्पुर्ण मोटरसाईकल/स्कुटर एकमुष्ट लिलाम गरिने हुँदा सो को लाग्ने रकम समेत एकमुष्ट कवुल गर्नु पर्नेछ ।

९. लिलाम गरिने सामान हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

१०. यस अदालतबाट उपलब्ध गराईएका वोलपत्र फाराम मात्र प्रयोग गर्न पाईनेछ ।एउटाको नाममा खरिद गरेको वोलपत्र फारम अन्यले प्रयोग गर्न पाउने छैन ।वोलपत्र फारम दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

११. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पर्ण ३० थान मोटरसाईकल/स्कुटरको न्युनतम् एकमुष्ट मुल्य **रू.२३,२०,०००/-(तेईसलाख बिस हजार रूपैंया)** रहेको छ ।